नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-५४३, दायर मिति-: २०८१।०२।०१

फैसला मिति- २०८१।०२।२१

| वादी | प्रतिवादी |
|---|---|
| पुनम देवीको जाहेरीले<br>नेपाल सरकार..........................१ | जिल्ला पर्सा बी.म.न.पा.वडा नं.३१ बस्ने लालबहादुर राउत कुर्मीको छोरा बर्ष ३० को शिव कुमार पटेल |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादील जाहेरवाली श्रीमतीलाई अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने दरखास्त जाहेरी।
२. श्रीमतीलाई अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले श्रीमतीलाई अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कुटपिट गरी अभद्र व्यवहार गरेको पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामनाथ प्रसाद कुर्मी समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा मिति २०८१।०१।०९ गते अ.२०:०० बजेको समयमा बिपक्षी श्रीमानले मादक पदार्थ सेवन गरी घरमा आएकोले यसरी दैनिक नशा खाई नआउनु भनी सम्झाउँदा बिभिन्न अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज गरी कपाल समाती भूईमा लडाई लछारपछार गर्दै लात मुक्काले कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी शिव कुमार पटेललाई कैद दिन २० र जरिवाना रु.५०००/- अक्षेरपी पाँच हजार गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी शिव कुमार पटेललाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८१-०१-१२ देखि २०८१-०१-३१ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५४६/२०८१/०२/०१ रकम रु.५०००/- असुल उपर गर्नु ------------ १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना २१ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा द्वादशी, शुभम् ........